जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ८५ पृष्ठः ४ | २०८२ साउन ०४ गते आइतबार (Sunday 20 July 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

# सिरहामा मापदण्ड विपरीत संचालनमा बजरंगवली असफाल्ट प्लान्ट, स्थानीय आक्रोशित



**सुरेश राय**

सिरहा, ३ साउन। सिरहाको धनगढीमाई नगरपालिका-३ बनौलीस्थित बजरंगवली कन्ट्रक्सन द्वारा संचालनमा रहेको असफाल्ट ( अलकत्रा) प्लान्ट मापदण्ड विपरीत रहेको खुलासा भएको छ। करिब तीन वर्षदेखि संचालनमा रहेको उक्त प्लान्टले आसपासका बस्ती र विद्यालयमा प्रतिकूल असर पार्दा स्थानीय आक्रोशित बनेका छन्। स्थानीय कुलप्रसाद कामैतका अनुसार, प्लान्टबाट निस्किने धुवाँका कारण सास फेर्नसमेत गाह्रो हुने अवस्था छ। बच्चा र वृद्धबृद्धाहरू बिरामी पर्न थालेका छन्। कतिपयलाई त उपचारका लागि अस्पताल लैजानुपरेको बताए।

त्यस्तै, धनगढीमाई नगरपालिका-११ छपराडी बजार समितिका उप-सचिव रघुनाथ महतोका अनुसार प्लान्टले न नगरपालिकाबाट अनुमति लिएको छ, न घरेलु तथा साना उद्योग कार्यालयबाट। यसले छपराडी बजार र वरिपरिका गाउँहरूमा समेत असर गरिरहेको छ। हामीले सम्बन्धित निकायमा पटक-पटक उजुरी गरेका छौं तर अहिलेसम्म कुनै सुनुवाइ नभएको महतोको गुनासो छ। असफाल्ट प्लान्ट नजिकै रहेको नाइटइङ्गल स्कुलका ४ सय विद्यार्थी पनि प्रभावित भएका छन्। स्कुलका सञ्चालक विजय कुमार चौधरीका अनुसार धुवाँका कारण विद्यार्थीको स्वास्थ्यमा असर परेको छ। रातभर निसास्सिएर सुत्नै सकिन्न, पेट दुख्ने, टाउको भारी हुने समस्यासमेत देखा परेको छ। प्लान्ट बन्द गराउन स्थानीयदेखि जिल्ला प्रशासन कार्यालयसम्म गुहार गरियो, तर कार्यान्वयन नभएको गुनासो गरे।

स्थानीय जनस्वास्थ्यको गम्भीर अवस्था देखिएको भए पनि प्लान्ट

**-बाँकी दुई पेजमा**

# सुखीपुरमा शुद्ध साकाहारी मदिरा पसल



**मनिषा मण्डल**

सिरहा, ३ साउन। सुखीपुर नगरपालिका-८, क्याम्पस चोकमा 'शुद्ध साकाहारी मदिरा पसल' नामक अनौठो तर प्रेरणादायी व्यवसाय सञ्चालनमा आएको छ। सञ्चालक राम सेवक साहको अगुवाइमा खुलेको यो पसलले स्थानीय समुदायमा नयाँ सोच र स्वादको समिश्रण प्रस्तुत गरेको छ। पसलमा परम्परागत लोक

**-बाँकी तीन पेजमा**

# सप्तरीमा तीन जनाको मृत्यु

**विनय कर्ण**

सप्तरी, ३ साउन। अग्निसाइर कृष्णासवरण गाउँपालिकामा -४, टेङग्री बस्ने ७० वर्षीया उर्मिलादेवी यादवको खेतमा विद्युतीय मोटरबाट करेन्ट लागेर मृत्यु भएको हो। घरभन्दा एक किलोमिटर उत्तर पट्टी आफ्नै खेतमा विद्युतीय मोटरबाट अचानक करेन्ट लागि घाइते भएकी यादवलाई उपचारका लागि राजविराज ल्याउँदै गर्दा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक जितेन्द्रकुमार बस्नेतले जानकारी दिए।

**-बाँकी तीन पेजमा**




## डेंगीबाट बचौं र बचाऔं ।

**लक्षणः**

- उच्च ज्वरो आउनु,
- आँखाको गेडी दुख्नु,
- शरीरमा राता बिबिराहरु आउनु,
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु,
- अत्याधिक टाउको दुख्नु,
- वाकवाकी लाग्नु वा वान्ता हुनु।

**लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैलेः**

- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं,
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं,
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं,
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी भ्याल ढोकामा जाली लगाऔं,
- सुत्ने बेलामा झुल लगाएर सुतौं,
- एयर कुलर, पानी ट्यांकी, गमलामा राखिएका प्लेटहरु समयसमयमा सफा गरौ

"डेंगीको उपचार भन्दा रोकथाम नै सजिलो उपाय हो"

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**सूचना ! सूचना !! सूचना !!!**

Your gateway to study and work in Japan

**MAA DHAMINI SAGAR INSTITUTE & CONSULTANCY**

Golbazar-06, Siraha (सिद्धार्थ बैंकको छेउमा)
Contact No. 9701032488, 9842826874
+819054858895



**Special Features:**

1. Study Master's in IT (English Medium in Japan)
2. Bachelor's Degree Holders in Any Subject Can Apply
3. +2 (12th Grade) Graduates from Any Stream Eligible
4. No Educational Requirement for Working Visa Application



**Course Start Date : 25 June 25, 2025**
**Apply Now for April 2026 in take**
**Special Offer: No the First 20 student!**
Contact Us: 9842826874, 9817705722
Whatsapp/Line : +81-90-5485-8895

# सम्पादकीय

## लापरबाही गर्नेलाई उन्मुक्ति नदेऊ

गत वर्ष भएको सौर्य एयरलाइन्सको जहाज दुर्घटनाको छानबिनमा नेपालका नियामक निकाय, वायुसेवा कम्पनी र चालकहरू लगायत सबै पक्ष अत्यन्त गैरजिम्मेवार भएको निष्कर्ष निस्केको छ। गत २०८१ साउन १ गते त्रिभुवन विमास्थलबाट पोखराका लागि उडेको सौर्य एयरलाइन्सको जहाज उड्नेबित्तिकै दुर्घटना हुँदा १८ जनाको ज्यान गएको थियो। सरकारले दुर्घटनालगत्तै गठन गरेको छानबिन समितिले हिजो शुकवार प्रतिवेदन बुझाएको छ। सरकारी छानबिन समितिले सरोकारवालाको 'लापरबाही'का विमान दुर्घटना भएको औँल्याइसकेकाले अब राज्यले नियमनमा कडाइ गर्नुका साथै दोषीलाई कानुनबमोजिम कारबाही गर्नुपर्छ। लापरबाहीलाई 'भवितव्य' बनाएर दोषीलाई उन्मुक्ति दिन खोजियो भने अर्को भयावह दुर्घटना अवश्यंभावी हुनपुग्नेछ।

सामान्यतः विमान दुर्घटनाको छानबिनपछि मानवीय गल्ती वा प्राविधिक कारणले दुर्घटना भएको देखाएर नियामक निकायलगायतलाई चोख्याउने गरिन्थ्यो। सौर्य एयरलाइन्सको विमान दुर्घटना प्रतिवेदनअनुसार भने नियामक निकाय पनि उत्तिकै गैरजिम्मेवार देखिएको छ। यात्रु बोक्नै नहुने विमान दुर्घटना हुँदा १८ नाको ज्यान जानुले नै नियाकम निकाय नागरिक उ यन प्राधिकरणका अधिकारीको गैरजिम्मेवार अपराध पुष्टि भएको थियो। छानबिन प्रतिवेदनअनुसार त्रिभुवन विमानस्थलमा 'रनवे स्ट्रिप'को समेत अभाव छ। यसको अभावमा अग्निशामक तथा उद्धार उपकरणको सहज पहुँच नभएका कारण पनि बढी मानवीय क्षति भएको प्रतिवेदनमा औँल्याइएको छ। आधुनिक उपकरण र पूर्वतयारी तथा अभ्यासको अभाव भएकाले पनि दुर्घटनामा क्षति बढी भएको प्रतिवेदनमा उल्लेख भएको पाइन्छ।

हवाई उडान पनि गम्भीर शल्यक्रियामा जस्तै स्पष्ट र विस्तृत 'प्रोटोकल' भएको प्रक्रिया हो। यसको कार्यविधि अक्षरशः पालना हुनै पर्ने हुन्छ। 'प्रोटोकल' को पूर्ण पालना गरिने भएकाले नै हवाई यात्रामा उडाका तुलनामा दुर्घटना नगण्य हुने गरेको हो। दुर्भाग्य, सौर्य एयरलाइन्स दुर्घटनामा भने नियामक प्राधिकरण, विमान सेवा सञ्चालक र स्वयं विमान चालक दललेसमेत प्रोटोकलको अवज्ञा गरे र भयावह दुर्घटना भयो। नेपाली वायुसेवा कम्पनीहरूको यस्तै लापरबाहीका कारण युरोपेली युनियनले नेपालका विमानहरू आफ्नो हवाई क्षेत्रमा उडाउन रोकिदिएको छ। नियामकसमेतको यस्तै लापरबाही दोहोरिन थाल्यो भने नेपालको अवस्था कस्तो होला।

यसैले सरकार विशेषगरी नागरिक संस्कृति, पर्यटन तथा नागरिक उ यन मन्त्रालयले प्रतिवेदनले औँल्याएका कमजोरी र त्रुटि सच्याउने एवं लापरबाहीमा संलग्न कर्मचारीलाई कानुनअनुसार कारबाहीसमेत गर्न अग्रसरता देखाउनुपर्छ। नत्र सरकार स्वयं कठघरामा उभिनुपर्नेछ।

*सिरहामा मापदण्ड ...*



अझै सञ्चालनमै छ। घरेलु तथा साना उद्योग कार्यालय लहानका अनुसार बजरंगवली कन्ट्रक्सनले दर्ता त गराएको भए पनि प्लान्ट सञ्चालनको लागि आवश्यक अनुमति लिएको छैन। हालैको अनुगमनमा मापदण्ड विपरित सञ्चालन भइरहेको पाइएको छ। इलाका प्रहरी कार्यालय लहानमा सर्वपक्षीय छलफलसमेत भइसकेको छ, अब छिट्टै कार्यान्वयन गरिने घरेलु तथा साना उध्योग कार्यालय लहानका प्रमुख किशोरी शरणले जानकारी दिए। यसै विषयमा प्रतिक्रिया दिँदै धनगढीमाई नगरपालिकाका नगरप्रमुख शिवशंकर महतोले भने, मैले यो विषय सामाजिक सञ्जालबाट थाहा पाएँ। आइतवार अनुगमन गर्छौं, प्लान्ट मापदण्ड विपरीत भए तत्काल कारवाही गरिनेछ। यदि मापदण्ड अनुसार भए वातावरणमा असर नपर्ने गरी व्यवस्थित गर्न निर्देशन दिने बताए।

यस विषयमा बजरंगवली कन्ट्रक्सनका सञ्चालक राजेश्वर साहलाई सम्पर्क गर्दा उनको फोन उठेन। स्थापना सन् २०६६ मा भएको नाइटइङ्गल स्कुलमा नर्सरीदेखि कक्षा १० सम्म अध्ययन हुने र १७ जना शिक्षक शिक्षिका कार्यरत छन्। स्कुल असफाल्ट प्लान्टको करिब १०० मिटर नजिक पर्छ।

# खाद्य सुरक्षाको संवेदनशीलता

**यमुना घले**

खाद्य अधिकार मानव अधिकार हो। मानव जीवनको अस्तित्व वनस्पति, जीवजन्तु, जलचर, प्रकृति र पर्यावरणबिचको सन्तुलनबिना सहज र सम्भव छैन। तसर्थ खाद्य प्रणालीको विकास गर्नु सम्पूर्ण जगत्का लागि अत्यावश्यक र लाभदायी अवधारणा हो। जनशक्ति विकासका लागि बच्चा भ्रूणको रूपमा गर्भमा आउनुअगावै किशोरीको स्वास्थ्य अवस्थादेखि वृद्धावस्थासम्मका लागि स्वस्थ खानाको भूमिका रहन्छ। स्वस्थ खानाको उत्पादन, प्रशोधन, बजारीकरण, भण्डारण र उपभोगको सम्पूर्ण प्रक्रियालाई दिगो बनाइराख्न सुदृढ कृषि तथा खाद्य प्रणालीको स्थापना गर्नु अत्यावश्यक र अपरिहार्य भइसकेको छ। यस सन्दर्भमा नेपालको संविधानले खाद्य सुरक्षा, खाद्य अधिकार र खाद्य सम्प्रभुत्ताको प्रत्याभूति गरेको छ। यसै अनुरूप खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ पनि जारी भइसकेको छ। यिनै संवैधानिक प्रावधानलाई आत्मसात् गर्न उत्पादन सम्बन्धलाई मिहिन तरिकाले विश्लेषण गरी सोही अनुरूपको दीर्घकालीन खाकाका साथ कृषि तथा खाद्य प्रणाली विकास गर्नु राज्यको जिम्मेवारी हो। यसरी सबैका लागि व्यावहारिक रूपमा आत्मसात् गर्न सकिने प्रणाली स्थापित गर्न सैद्धान्तिक प्रस्टता, संघीयतामैत्री नीतिनियम, संरचनात्मक खाका, प्रविधि विकास, बजेट विनियोजन र जनशक्ति पदस्थापनका साथै वृत्तिविकास र उपभोक्ता सचेतना अत्यन्त आवश्यक छ।

**संवैधानिक मान्यता**

भोकका कारण कोही मर्ने छैन भन्ने संवैधानिक अधिकारको सुनिश्चित गर्नका लागि कार्यान्वयनको प्रस्ट खाका आवश्यक पर्छ। यसका लागि सबैभन्दा पहिले विशेषतः राज्य तथा सरकारको विभिन्न जिम्मेवार पदाधिकारीमा नै खाद्य सुरक्षा, खाद्य अधिकार र खाद्य सम्प्रभुताको आधारभूत सिद्धान्तमा प्रस्टता हुन जरुरी हुन्छ। तत्पश्चात् अन्य सरोकारवालाको संलग्नता र साझेदारिताको ढाँचाबारे सहभागितात्मक तरिकाले निर्क्योल गर्न सहज वातावरण बन्छ। विशेषतः चुनावको समयमा विभिन्न राजनीतिक पार्टीले कृषि तथा खाद्य सुरक्षा सम्बद्ध प्रतिबद्धता आफ्नो घोषणापत्रमार्फत जाहेर गरे तापनि राज्य र सरकारको सञ्चालन गर्ने जिम्मेवारीमा रहँदा ती विषयमा प्रस्टताका साथ पहल गरेको अनुभूति भने कमै गर्न पाइन्छ। तसर्थ संविधानको मूल मर्ममा टेकिएको सुदृढ कृषि तथा खाद्य प्रणाली आजको अपरिहार्यता हो।

**केही विषयगत उद्धरण**

**उद्धरण १ :** नेपालको ६२ प्रतिशत घरधुरी कृषिमा संलग्न र ५६ प्रतिशत कृषकसँग प्रतिपरिवार ०.५ हेक्टर मात्र जमिन रहेको छ। हाल लगभग २६ प्रतिशत जमिन बाँझो या कम उपयोग या कृषि इतरका काममा प्रयोग भइरहेको छ। कृषिमा संलग्न व्यक्तिमध्ये ७० प्रतिशतभन्दा बढी महिला रहेका छन् तथापि ३४ प्रतिशत मात्र महिलाको स्वामित्वमा मात्र जमिन रहेको छ। २०७६ को बजेट वक्तव्यमा नै सरकारले सय रुपियाँमा संयुक्त लालपुर्जा बनाउन सकिने भन्ने व्यवस्था गरे तापनि तत्पश्चात्का कुनै पनि आर्थिक वर्षमा सरकारको तर्फबाट सारभूत रूपमा अभियानकै शैलीमा यो प्रावधानलाई कार्यान्वयनमा लान सकेको छैन। अन्यथा अधिकांश पुरुष रोजगारीका लागि वैदेशिक भूमिमा रहिरहँदा महिलाको जिम्मामा छोडेको कृषिकार्यलाई भूमिमाथिको स्वामित्वले कृषि उत्पादन तथा उत्पादकत्वमा अर्थपूर्ण योगदान पुऱ्याउन सक्ने थियो।

**उद्धरण २ :** नेपाल सरकारले विभिन्न कारणले पछाडि पारिएका वर्ग जस्तै महिला, युवा, दलित, प्राविधिक शिक्षा लिएका विद्यार्थीले सञ्चालन गरेका स्टार्ट अप वा उद्यमहरूका लागि सहुलियत ऋण उपलब्ध गराउने प्रावधान राखेको छ। २०७५ को राष्ट्रिय तथ्याङ्क अनुसार हालसम्म महिलाको स्वामित्वमा रहेका वा सञ्चालन गरेका व्यवसाय वा उद्यमहरूको संख्या दुई लाख ४७ हजार आठ सय रहेको छ। यस्ता उद्यमहरूले करिब पाँच लाखलाई रोजगारी दिएका छन् तथापि त्यस्ता उद्यमहरूको वित्तीय कर्जामा सीमित मात्र पहुँच रहेको छ। यसका साथै युवाले पारिवारिक उत्प्रेरणा पाउन नसक्दा र बैङ्कबाट प्राप्त उपलब्ध कर्जाको मात्राले उद्यम स्थापना र मूल्य शृङ्खलामा आवश्यक लगानी गर्र्न नसक्दा युवा कृषिक्षेत्रबाट पलायन हुने क्रम बढ्दो छ।

**उद्धरण ३ :** विपन्नता, रोजगारी र खाद्य सुरक्षा एकअर्काका परिपूरक हुन्। उदाहरणका लागि विभिन्न नदी किनारमा बस्ती बसाएर बसेका माझी मुसहर बोटे समुदायको मुख्य आम्दानीको स्रोत माछा हो। उनीहरूको पुस्तौनी ज्ञान र अभ्यासका आधारमा वर्षाको करिब तीन महिना माछाको अन्डा पार्ने र भुरा निकाल्ने समय भएकाले माछा नमारी अन्य ज्यालादारी काम खोज्न जाने गर्छन्। अर्कोतर्फ कतिपय उद्योगबाट निस्कने रसायनहरू नदीमा मिसाइदिँदा माछाको अन्डा, भुरा मर्ने गरेका कारण नदीमा आश्रित समुदायको जीविकोपार्जनमा आघात पुगेको त छ नै केही मात्रामा पाइने त्यस्ता विषाक्त माछा सहरी उपभोक्ताका लागि हानिकारक हुने अवस्था रहेको छ। अहिले संघीय व्यवस्थामा स्थानीय सरकारको जिम्मामा रहेको फोहोर व्यवस्थापन गर्दा अधिकांश स्थानमा वनजङ्गल र नदीमा विसर्जन गर्ने गरेको पाइन्छ। यसको समग्र असर खाद्य स्वस्थता र सुरक्षामा कति परेको छ, त्यसको आकलन हुन सकेको छैन।

**उद्धरण ४ :** सामान्य परिस्थितिमा नै खाद्य सुरक्षाको अवस्था सुधार्नुपर्ने नेपालको हालको परिवेशमा आकस्मिक विपत्को समयमा त अझ खाद्य शृङ्खलामा नै गडबडी आउने गरेको तथ्य हाम्रो सामु प्रस्ट छ। उदाहरणको रूपमा हेर्ने हो भने कोभिड-१९ को समयमा ८७ प्रतिशत परिवारको खाद्य सुरक्षामा कुनै न कुनै तवरले प्रभाव पारेको थियो। त्यस समयमा क्वारेन्टिनमा स्वस्थ खानाका लागि व्यवस्थापन गर्नु मुख्य चुनौती त छँदै थियो, त्यसबाहेक पनि कृषि श्रमिक, अनौपचारिक, पर्यटन र मनोरञ्जन क्षेत्रमा कार्यरत व्यक्तिहरू, शिक्षामा कम पहुँच भएका महिला घरमूली भएका र विपन्न घरधुरीमा अझ बढी प्रभाव परेको थियो। यसले के इङ्गित गर्छ भने विभिन्न कारणले कमजोर अवस्थामा रहेका समुदायका लागि राज्यको तर्फबाट खाद्यान्न सञ्चिति र वितरणको व्यवस्था सुधार गर्नुपर्ने पक्ष अझ संवेदनशील रहेको छ।

**उद्धरण ५ :** भोकमरीको समग्र अवस्थालाई हेर्ने हो भने नेपाल मध्यमस्तरमा रहेको छ तर पोषणको वास्तविक अवस्था हेर्ने हो भने ५६ प्रतिशत जनसंख्याले मात्र न्यूनतम पोषणयुक्त खानाको उपभोग गरेको अवस्था छ। यसरी प्रदेशको हिसाबले कर्णाली, भूगोलका अनुसार ग्रामीण क्षेत्र, धार्मिक समुदायमध्ये मुस्लिम र अन्नभण्डार मानिने तराईमा महिलाहरूको अवस्था पोषणका कारण अझ नाजुक देखिएको छ। यसबाट के बुझिन्छ भने खाद्य सुरक्षा सबैको संवैधानिक अधिकार हो भन्ने मान्यता हुँदाहुँदै पनि कतिपय परिवार यस्ता अधिकारको उपयोग गर्नबाट वञ्चित भइरहेको विषम् अवस्था छ।

**उद्धरण ६ :** विश्वव्यापीकरणले ज्ञान, सिप, प्रविधि र पुँजीको विस्तार तथा उपयोग गर्नका लागि सहज पारिदिएको छ। यसरी स्रोतको पहिचान, विकास र उपयोग गर्ने क्रममा विशेषतः आनुवांशिक स्रोतको दोहन, अनुपयुक्त प्रयोग र व्यापारिक होडबाजीले गर्दा खेतीपाती गरिँदै आएका वा जङ्गली अवस्थामा नै रहेका कतिपय खाद्य वस्तु लोप हुने, अत्यधिक र अनाधिकृत दोहन हुने तथा बजारमुखी खेतीप्रणालीका कारण स्थानीय स्रोत, मौलिक ज्ञान र सिप लोप हुँदै गइरहेको छ। यसले गर्दा व्यापारिक कम्पनी र विकसित देशहरूको परिवेश सुहाउँदो कृषि तथा खाद्य प्रणाली स्थापित हुँदै गइरहेको छ। यसरी समग्र कृषि तथा खाद्य प्रणाली सम्बद्ध स्रोत र ज्ञान सिपमार्फत शक्ति केन्द्रीकृत हुँदै गइरहेको छ। यसले नेपाल जस्तो जैविक विविधतामा आधारित मौलिक ज्ञान सिपले भरिपूर्ण देशका नागरिकको खाद्य सुरक्षा, खाद्य अधिकार र खाद्य सम्प्रभुत्तामा थप चुनौती थपिदिएको छ।

**सैद्धान्तिक अस्पष्टता**

सबैभन्दा प्रमुख पक्ष भनेको सैद्धान्तिक प्रस्टता नहुनु नै रहेको छ। संविधानको धारा ३६ ले खाद्य सुरक्षा, खाद्य अधिकार र खाद्य सम्प्रभुताका साथै धारा ४२ ले समावेशिता र धारा ५१ ले भूमि सुधारको बारेमा प्रस्ट उल्लेख गरेको छ। तथापि उत्पादनको प्रमुख स्रोत भूमिलाई व्यक्तिको मौलिक अधिकार मान्ने कि उत्पादनको स्रोत मान्ने भन्ने पक्ष अझै प्रस्ट भएको देखिँदैन। यसै गरी उत्पादन, आयात र निर्यात तथा खाद्य सहायताबिचको तालमेल कस्तो हुनुपर्ने भन्ने विषयमा घनीभूत बहस हुन सकेको छैन। यसले गर्दा राज्यको तर्फबाट खाद्य सुरक्षाको योजना बनाउँदा कुन सिद्धान्तमा आधारित भएर विकासको खाका कोर्ने भन्ने दृष्टिकोण पुऱ्याउन सहज भएको देखिँदैन। यसरी दृष्टिकोणमा प्रस्टता नभएकै कारण सालबसाली बनाइने कार्यक्रमले दीर्घकालीन समाधानको बाटो पहिल्याउन सकेको छैन।

**कृषि र खाद्य प्रणालीको समग्र बुझाइ**

कृषि तथा खाद्य प्रणालीको दिगो र समावेशी सोचमा आधारित विकास गर्न देशको भूगोल, उत्पादन सम्भाव्यता, जातजाति विशेष सांस्कृतिक मान्यता र जलवायु अनुकूलनका साथै व्यापारिक दृष्टिकोणमा आधारित कृषि तथा खाद्य प्रणाली विकास हुन नसक्नु अर्को विडम्बना हो। खाद्य सुरक्षालाई प्राविधिक जिम्मेवारीका रूपमा हल्का तरिकाले बुझिदिँदा उत्पादन प्रक्रियालाई चुस्त दुरुस्त राख्न नसकिए तापनि आयातमा आधारित आपूर्ति गर्न सकिने, विप्रेषणले घरव्यवहार चलाउन सकिने र भवितव्य परे वैदेशिक सहायता माग्न सकिने मनस्थिति हाबी हुँदै जाँदा कृषि र खाद्य प्रणालीको समग्र बुझाइ बनाउनेतर्फ सचेतता पुगेको पाइँदैन। यसले गर्दा सरकारको तर्फबाट गरिने लगानीले बहुगुणन प्रभाव पार्न सकेको छैन।

**बाहय प्रभावबारे सतही आकलन**

देशभित्रका अनेकन आन्तरिक कारणका अलावा बाहय कारण पनि त्यत्तिकै जबरदस्त रहेका छन्। उदाहरणका लागि जलवायु परिवर्तनका कारण सिर्जित सङ्कट हाम्रासामु प्रस्ट रहिआएको छ। तथापि विभिन्न छलफलका भाष्य भने जलवायु परिवर्तनमा नै सीमित भएको पाइन्छ। यसरी बनेको भाष्यले निर्देशित गरेका नीति तथा कार्यक्रम पनि विशेषतः अनुकूलनमा आधारित हुने अवस्था रहिआएको छ। यसले गर्दा कृषि र खाद्य सुरक्षाजस्तो संवेदनशील विषयमा समेत दीर्घकालीन सोचको बारेमा सार्थक बहस हुन सकेको छैन। यसै गरी विभिन्न खालका

**–बाँकी तीन पेजमा**

*खाद्य सुरक्षाको ...*

युद्धका कारण खाद्य बजार, आन्तरिक उद्योग, बढ्दो मूल्य, श्रमिकको बेरोजगारी जस्ता अनेकन पक्षलाई उजागर गर्न चुकिरहेको अवस्था छ।

**कृषि र खाद्य शासन पद्धति**

सामान्यतया कृषि र खाद्य प्रणालीलाई एकदमै साँघुरो दायरामा राखेर बुझिदिँदा विशेषतः युवावर्गको आकर्षण घट्दो क्रममा देखिन्छ। कृषि सम्बद्ध अनुसन्धान, अन्वेषण, नवप्रवर्तनका साथै उत्पादन पूर्वदेखि उपभोगसम्मको शृङ्खलालाई केलाउने हो भने युवावर्गलाई आकर्षित गर्न मार्ग प्रशस्त हुने थियो। यसका साथै कृषि र खाद्य प्रणालीको आर्थिक, सामाजिक, वातावरणीय, राजनीतिक, र प्राविधिक पक्षलाई शासकीय पद्धतिको अभिन्न पाटो मानेर नीति तथा कार्यक्रम उन्मुख गर्न सक्नुपर्ने थियो, विडम्बना त्यसो हुन सकेको छैन। सबै विषयगत मन्त्रालय र तहगत सरकारबिच अर्थपूर्ण समन्वय र सहकार्य हुन नसक्दा न उत्पादकले फाइदा पाउन सकेका छन्, न त उपभोक्ताले नै स्वस्थ र ताजा उपज सहज तरिकाले पाउन सकेका छन्। यसले गर्दा मूल्य अभिवृद्धिका प्रयास ( जस्तै प्रशोधन, प्याकेजिङ, लेबलिङ, भण्डारण, विविधीकरण, बजारीकरण) मा प्रविधि तथा यान्त्रीकीकरणमार्फत ऊर्जाको खपत गर्न सके युवा तथा स्थानीयलाई रोजगारी दिनुका साथै उत्पादन चक्रका सबै सरोकारवालाबिचको अन्तर सम्बन्धलाई स्थापित गर्न सकिने पक्षलाई समेट्न सकेकै छैन।

**संवैधानिक व्यवस्था र स्थानीयकरण**

संविधानको अनुसूची–८ ले स्थानीय सरकारलाई कृषि तथा खाद्य र पोषण सुरक्षाको जिम्मा दिएको छ। यसका लागि भूमि व्यवस्थापन, सहकारी, स्थानीय बजार, सिँचाइ, जस्ता महत्त्वपूर्ण कामको जिम्मेवारी दिए तापनि स्थानीय स्तरमा आवश्यक प्राविधिक जनशक्ति र स्रोत विनियोजन गर्न सकिएको छैन। यसरी स्रोत, क्षमता र दक्षता नहुँदा संविधानको मर्म अनुरूप काम हुन सकेको छैन। यसले गर्दा नेपालको सन् २०२६ को नोभेम्बरबाट मध्यम आय भएको मुलुकको सूचीमा स्तरोन्नति हुँदा प्राप्त गर्न सकिने अवसरहरूको खोजी गर्न त्यति सहज हुने देखिँदैन। संघीयतामा आधारित कृषि तथा खाद्य प्रणाली विकास गर्नका लागि चुनौतीको रूपमा रहेको अर्को पक्ष भनेको तथ्यमा आधारित नीतिगत व्यवस्था हुन नसक्नु।

**विपत् र आकस्मिकतामैत्री प्रावधान**

नेपाल जलवायुको हिसाबले जोखिमयुक्त क्षेत्रमा पर्छ। यही वर्षलाई आधार मान्ने हो भने अन्न भण्डार मानिने मधेश प्रदेशमा धान रोप्न आवश्यक सिँचाइ नपुगेका कारण किसानमा नैराश्यता छाएको छ। यसका लागि आवश्यक दूरगामी प्रभाव पार्ने चुरे संरक्षणका कार्यक्रम अझै प्रभावकारी बन्न सकेका छैनन् र मधेश मरुभूमीकरण हुँदै छ। सन् १९७७ देखि २०१८ सम्मको एउटा अध्ययनले यो अवधिमा नेपालको ४४ प्रतिशतभन्दा बढी क्षेत्रमा अति खडेरी भएको देखाएको छ।

**अबको बाटो**

कृषि र खाद्य प्रणालीको खाकामा प्रस्तुताका साथ युवाको संलग्नता बढाउनका लागि स्थानीयकरण गर्ने प्रक्रियालाई सबलीकरण गर्नु अत्यावश्यक छ। यसका लागि विषयगत र संघीयता अनुरूप तिनै तहका सरकारबिच समन्वय, साझेदारी र सहकार्य गर्नु अत्यावश्यक छ। अन्वेषण, नवप्रवर्तन, अनुसन्धान, शिक्षा र प्रसारको त्रिकोणलाई विकास गर्दै विभिन्न सरोकारवालाको संलग्नता बढाउँदै उत्तरदायी प्रणाली स्थापना गर्नु पर्छ।गोपबाट

*सुखीपुरमा शुद्ध ...*

परिकारहरू जस्तै चाना, कचरी, पकौरी, मुरही, चुरा र चरपट्टी पाइन्छ। साथसाथै, साकाहारी परिकारसँग मेल खाने किसिमको स्वादिलो मादक 'मदिरा' (स्वादयुक्त पेय पदार्थहरू) उपलब्ध छन्। यसले युवापुस्तालाई नशामुक्त जीवनशैली रोज्न सघाउने विश्वास सञ्चालक साहले व्यक्त गरेका छन्।

'रंगिला होटल' को नामले परिचित यो स्थानले स्थानिय कला र संस्कृति झल्काउने वातावरणमा सेवा प्रदान गर्दै आएको छ। सस्तो, स्वादिलो र स्वास्थ्यलाभदायी सेवा प्रदान गर्ने उद्देश्यले यो होटल सञ्चालनमा ल्याइएको हो। स्थानीयबासीको रोजाइमा पर्न थालेको यो होटलले रोजगारी सिर्जना र स्वस्थ जीवनशैली प्रवर्द्धनमा पनि टेवा पुऱ्याइरहेको छ। आफुले पहिला मासु माछा परिकारहरु बनाउने गर्ने तर अव शुद्ध साकाहाकारी मान्छेहरु मदिरा पिउन आउदाँ खानेकुराको अभावमा चिन्तित हुने गर्थियो तर मेरो मनमा भावना परिवर्तन भयो। माछा मासु विक्री नगर्ने शुद्ध साकाहारी मदिरा पसलमा परिणत गरे। अहिले पसलमा शुद्ध मदिरा र शुद्ध साकाहारी खाने कुरामा परिणत गरेपछि माछा मासु नखाने मदिरा पिउने ग्राहकहरुको भिड लागने गरेको संचालक साहले बताउनुभयो।

# सिरहाका मुसहर बस्तीमा खानेपानी वितरण सुरु



सिरहा, ३ साउन। सिरहाको लहान नगरपालिका–१ र २ का दलित मुसहर बस्तीहरूमा खानेपानीको चरम अभाव भएको बेला मधेश प्रदेश सरकारअन्तर्गतको डिभिजन वन कार्यालय लहानले ट्र्याक्टरको ट्याँकीमार्फत पिउने पानी वितरण सुरु गरेको छ। गर्मी र खडेरीका कारण स्थानीय बासिन्दा प्रभावित बनेका बेला मुख्यमन्त्री सतिशकुमार सिंहको निर्देशनमा पानी वितरण सुरु गरिएको हो। डिभिजन वन कार्यालय लहानले दैनिक उपभोगका लागि आवश्यक पानी ट्याँकरमार्फत बस्तीमा पुऱ्याइरहेको छ।

जनमत पार्टीका केन्द्रीय सदस्य बालेश्वर यादवको अगुवाइमा पानी वितरण गरिएको हो। नेता यादवले भने, "बस्तीका बासिन्दा पानीको चरम अभावमा थिए हामीले तत्काल राहतस्वरूप ट्याँकरमार्फत पिउने पानी पुऱ्याएका छौं।" उनले खानेपानीको समस्या अहिले केवल सिरहा मात्र होइन, मधेश प्रदेशका आठवटै जिल्लामा देखिएको भन्दै स्थानीय, प्रदेश र संघीय सरकारबीच सहकार्य जरुरी रहेको बताए। "यस्तो अवस्थामा एउटा प्रदेश सरकारले मात्र राहत पुऱ्याएर पुग्दैन, संघ र स्थानीय तहले पनि तत्काल चासो दिनुपर्छ," उनले भने। यादवले अघिल्ला वर्षहरूमा पनि यस्तै समस्याहरू देखिँदा कुनै सरकारले ध्यान नदिएको आरोप लगाए। तर अहिलेको जनमत पार्टी नेतृत्वको प्रदेश सरकारले जनताको पीडा बुझेर प्रत्यक्ष राहत दिएको भन्दै मुख्यमन्त्री सतिशकुमार सिंह र वनमन्त्री संजय यादवप्रति आभार व्यक्त गरे।

## खानेपानीको आपूर्ति व्यवस्था मिलाउन निर्देशन

मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले सप्तरीमा घट्दो जलस्रोतका कारण उत्पन्न खानेपानी संकट समाधानका लागि निर्देशन दिएको छ। उनले पानीको अभाव देखिएका क्षेत्रमा डिभिजन वन कार्यालय सप्तरीको एउटा ट्यांकर र प्रदेश सरकारद्वारा उपलब्ध गराइने दुई वटा ट्यांकरमार्फत खानेपानी उपलब्ध गराउन जिल्ला प्रशासनलाई निर्देशन दिएको हो। शुक्रबार जिल्ला प्रशासन कार्यालय सप्तरी पुगनुभएका मुख्यमन्त्री सिंहले सबैलाई आवश्यक मात्रामा खानेपानी उपलब्ध गराउन सप्तरीका प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई निर्देशन दिनुभएको मुख्यमन्त्रीका प्रेस सल्लाहकार अवधेश झाले जानकारी दिनुभयो। यसअघि सप्तरीका प्रमुख जिल्ला अधिकारी भोला दाहालले जिल्लामा जलस्रोत सुक्दै गएका कारण उत्पन्न संकटबारे प्रदेश सरकारको ध्यानाकर्षण गराउँदै आवश्यक सहयोगका लागि अनुरोध गर्नुभएको थियो। गत असार ३२ गते बसेको जिल्ला विपत् व्यवस्थापन समितिको बैठकले जिल्लामा वर्षा नभएका कारण खडेरी सिर्जना भई धानलगायत अन्य अन्नबाली लगाउन सकस परेको, कृषक अत्यन्तै समस्यामा परेका र अधिकांश गाउँबस्तीमा खानेपानीको समेत अभाव भएको जनाउँदै संघ तथा प्रदेश सरकारसँग राहत र दीर्घकालीन व्यवस्थापनको माग गर्ने निर्णय गरेको थियो।

# सिरहाका तीन पालिकामा 'समृद्धिको लागि वन परियोजना' अन्तर्गत संचालित कार्यक्रमको अनुगमन

सिरहा, ३ साउन। मधेश प्रदेश सरकार अन्तर्गतको 'समृद्धिको लागि वन परियोजना' अन्तर्गत सिरहा जिल्लाको नवराजपुर, बरियारपट्टी र औरही गाउँपालिकामा गत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालनमा रहेका कार्यक्रमहरुको शुक्रबार अनुगमन गरिएको छ। मधेश प्रदेशका वन तथा वातावरण मन्त्री सञ्जयकुमार यादवको नेतृत्वमा सम्पन्न अनुगमन टोलीले सम्बन्धित पालिकाको वन तथा वातावरण शाखामार्फत सञ्चालित कार्यक्रमहरुको स्थलगत निरीक्षण गरेको हो।

अनुगमनका क्रममा पालिकाका अध्यक्षहरु, वडा प्रतिनिधि, प्राविधिक तथा स्थानीय सरोकारवालाहरुसँग समन्वय गरी कार्यक्रमको प्रभावकारिता, पारदर्शिता र स्थानीय लाभग्राहीको सहभागिता बारे जानकारी लिइएको थियो। मन्त्री यादवले स्थलगत निरीक्षणमा देखिएका उपलब्धि र चुनौतीको समीक्षा गर्दै आवश्यक समायोजन र सहयोगका लागि मन्त्रालयको तर्फबाट पूर्ण समर्थन रहने बताएका छन्।

यस अवसरमा परियोजनाका प्रमुख सुजित कुमार झाले निरीक्षण कार्यमा सक्रिय सहभागिता जनाउनु भएका पालिका अध्यक्ष, वडाध्यक्ष, प्राविधिक कर्मचारी तथा स्थानीयवासीलाई धन्यवाद दिँदै सबैको सहकार्यले मात्र लक्ष्य हासिल सम्भव हुने बताए। 'समृद्धिको लागि वन परियोजना'ले प्रदेशको स्थानीय तहमा वन संरक्षण, वातावरणीय सुधार, आयमूलक कार्यक्रम तथा समुदायमा सचेतना अभिवृद्धि गर्न थालिएका पहललाई प्राथमिकतामा राखेको छ।

# सिरहा कारागारमा सुरक्षा निकायको सर्च अप्रेशन, क्षमताभन्दा तीन गुणावढी कैदीबन्दी



सिरहा, ३ साउन। जिल्ला कारागार सिरहामा सुरक्षा निकायले सर्च अप्रेशन सुरु गरिएको छ। कारागारमा अवैध कृयाक्लाप हुने गरेको सूचना पटक पटक सार्वजनिक भएपछि प्रहरीको संयुक्त टोलीले शनिबार विहानदेखी सर्च अप्रेशन सुरु गरेको हो। जिल्ला प्रशासन कार्यालय सिरहाको नेतृत्वमा सुरक्षा नेपाल प्रहरी, सशस्त्र प्रहरी सुरक्षा अधिकारीको टोलीले कारागार भित्र प्रवेश गरि कैदीबन्दीको कोठाकोठामा पुगेर सर्च गरिरहेको कारागार प्रमुख सुबोध महतोले बताए। सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बराल, नेपाल प्रहरीका एसपी अनन्तराज शर्मा, सशस्त्र प्रहरीका एसपी नरेश भण्डारी, डिएसपी सियाराम चौधरी, राष्ट्रिय अनुसन्धान कार्यालयका प्रमुख सुरेन्द्र कोईराला र सुरक्षाकर्मीको टोली कारागारभित्र प्रवेश गरि सर्च गरेको कारागार प्रमुख महतोले बताए।

अहिले सिरहा कारागारमा थुनुवा र कैदी गरि ४ सय ५८ जना रहेको छ। चर्को गर्मी बढेसँगै कैदीबन्दीले पंखा लगायतको सुविधाको माग गरेको छ। १५ जना महिला र १ सय ३५ जना पुरुष गरि १ सय ५० जनाको क्षमताभएपनी तीन गुणा वढी कैदीबन्दी कारागारमा रहेका छन्। कैदीबन्दीको चाप अत्याधिक रहेकोले चर्को गर्मीमा सुत्न अप्ठ्यारो भएको भन्दै कैदीबन्दीहरुले पंखा, कुलर लगायत थप जडान गर्न सर्च गर्न पुगेका टोलीसंग माग गरेका छन्। कैदीबन्दीको मानवअधिकार सुनिश्चित गर्दै आवश्यक सुविधा थप गर्नुपर्ने माग उनीहरुले गरेको सुरक्षा अधिकारीहरुले बताए।

**५४ वर्ष पुरानो कारागार**

१ सय ५० जना कैदीबन्दीको क्षमता रहने गरि जिल्ला कारागार सिरहा ५४ वर्ष रहेको छ। कारागार २०२८ सालमा निर्माण गरिएको हो। कारागार भवनहरु र सुरक्षा पर्खाल पनि जीर्ण रहेको छ। कैदीबन्दीहरुले पटकपटक कारागारको क्षमता वढाउन माग गर्दै आएका छन्। क्षमताभन्दा तीन गुणा वढी कैदीबन्दी राख्दा कोच्चिएर र आलोपालो गरि सुत्नुपर्ने बाध्यता छ। केही समय कारागारमा अवैध क्रियाकलाप भएको समाचार बाहिरिएको थियो। घटनाको छानबिन गर्न अनुगमन टोली पनि गठन गरिएको थियो। अनुगमन टोलीले डेढ महिना लगाएर प्रतिवेदन बुझाएपनी अझै सार्वजनिक भएको छैन।

*सप्तरीमा तीन ...*

यस्तै, सोही गाउँपालिका–४, बनौलीमा शनिबार एक युवक झुण्डिएको अवस्थामा फेला परेको छ। स्थानीय १९ वर्षीय अरबिन्द साह झुण्डिएको अवस्थामा मृत फेला परेको हो। घटनास्थलमा प्रारम्भिक अनुसन्धानपछि मृतकको शव परीक्षणका लागि राजविराज स्थित गजेन्द्रनारायण सिंह अस्पताल राजविराज पठाइएको र घटनाबारे थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले जानकारी दिए।

त्यस्तै, सप्तरीको राजविराज नगरपालिका–८, हिमालय टोलमा शनिबार एक महिलाको मृत्यु भएको छ। स्थानिय कृष्ण पोखरेलको घरमा डेरा गरी बस्ने सर्लाहीको चन्द्रगर गाउँपालिका–१, किसानपुर घर भएका २९ वर्षीया रितु पौडेल आफ्नै कोठाको सिलिङ पंखामा खादाको पासो लगाई झुण्डिएको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# गोलबजार १२ बेतौना पालटोलमा १० वर्षमा विकासको नाममा एक कोदालो माटो पनि झरेन



सिरहा, ३ साउन। देशमा संघियतापछि दुई पटक स्थानीयतहको निर्वाचन सम्पन्न भईसकेको छ, तर गोलबजार नगरपालिका १२ बेतौना पालटोलका स्थानीयले जनप्रतिनिधि निर्वाचित भएको अझै महसुस गर्न सकेका छैनन्। वरपरका टोल बस्तीहरुमा बर्षेनी विकास निर्माणका विभिन्न योजनाहरु सञ्चालन भईरहेका छन्। कतै सडक ढलान, कतै विद्युतिकरण, कतै सडक ग्राभेल त कतै पाहुनाघर र मठमन्दिर निर्माण भईरहेका छन्। तर, एकसय भन्दाबढी घर-परिवार रहेको यो बस्तीमा विकासको नाममा एक चपरी माटो पनि कतै परेको छैन। बस्तीको पाँचसय मिटरभन्दा लामोबाटो छ। यो बाटोको पछिल्लो ८ वर्षदेखि मर्मत सम्भारको काम हुन सकेको छैन। बाटोको ठाउँ ठाउँमा खोल्डो खुल्डी परेको छ सामान्य पानी पर्दा पनि हिड्नै नमिल्ने गरी हिलाम्य हुने स्थानीयको भनाई छ।

निर्वाचित जनप्रतिनिधीको पक्षमा यस टोलबस्तीबाट मत नआएकोले विकास निर्माणको काम नभएको अवकास प्रप्त शिक्षक शम्भु राउतले बताए। उनले भने, 'यहाँका जनतालाई विपक्षी सम्झेर वडा अध्यक्षले काम गरिरहेको छैन। वडाले नगर्ने भएपछि हामी पालिकामै पुगेर मेयरलाई पनि पटक-पटक अनुरोध गर्यौं। केही हुन सकेन। अहिले सामान्य पानी पर्यो भने एम्बुलेन्स समेत गाउँ पस्न सक्दैन।' शिक्षक राउले थपे, 'एक पटक यही बाटोभएर मेयर जाँदैहुनुहुन्थ्यो, हामीले रोकेर हाम्रा समस्या सुनायौं, देखायौं। उहाँले मैले यो समस्या टिपें, वडा अध्यक्षलाई भनेर म तत्काल समाधान गर्न लागाउँछु भन्नुभयो। तर काम भएन।'

पछि पनि हामी नगरपालिकामै पुगेर 'हजुर काम अझै भएन' भनेर विन्त विसायौं। यसपटक पनि मेयरले तत्कालै वडा अध्यक्षलाई बोलाएर तुरुन्तै ग्राभेल गर्न निर्देशन दिनुभयो, त्यो निर्देशन पनि पालना नभएको पूर्वशिक्षक राउतले सुनाए। उनले भने, 'हामीलेमात्र कराएर जनप्रतिनिधीहरुले सुन्नुभएन, त्यसैले आज हामी सञ्चारलाई गुहार्न बाध्यभयौं। हाम्रो दुःख सवैले थाहापाउने गरी ठूलो बोलिदिनु पर्यो/देखाईदिनु पर्यो हजुर।' अर्का स्थानीय ७८ वर्षीय सुकदेव राउतले पछिल्लो १० वर्षदेखि विकासको नाममा यो गाउँमा केही नभएको गुनासो गरे। बटोमात्र हैन हामी आधारभुत सेवाबाट समेत बञ्चित हुनु परेको छ। उनले भने, 'हामीहिड्ने बाटोको मर्मत र स्तरोन्नती त भएन भएन, मेरो पीउने पानी पनि छैन। मैले वडा अध्यक्षलाई गुहारेपनि मैले एउटा कल समेत पाइँन। अहिले म अरुकोबाट पानी ल्याएर चलाउँदै छु।'

स्थानीय ४७ वर्षीय नन्दकिशोर झा, ३० वर्षीय प्रमोद ठाकुर र ६५ वर्षिय वेचुपालले पनि आफ्नो वस्तिलाई दलिय हिसावले विपक्षीको कोटीमा राखेकाले विकासको काम हुन नसकेको बताए। उनीहरुले भने, 'पछिल्लो १० वर्षको अवधिमा यो गाउँमा विकासको कुनै कामै भएको छैन। हिड्ने नसक्ने अवस्था आएपछि हामी आफैंले आफ्ना अगाडी बाटो लाउँछौं। त्यसैले अलिकति सहज भएको छ। अन्यथा हाम्रो सडकमा उभिने ठाउँपनि हुँदैन।' यो बाटोबाट दैनिक सयौंको संख्यामा मानिस, साइँकल, मोटरसाईकल र ट्याक्टर हिड्ने गर्छ।

यस सम्बन्धमा वडा अध्यक्ष गणेश कुमार मुखियालाई सम्पर्क गर्दा उनले अब प्रदेशबाट ठूलै बजेट ल्याएर एकै पटक ढला नै गर्छु भन्ने जवाफ दिए। तपाईंले आजसम्म एक ट्याक्टर ग्राभेलपनि हाल्नु भएन छ। किन नहाल्नु भएन? भनि प्रश्न गर्दा उनले उही कुरा दोहऱ्याए। 'यो पटक नगरपालिकालाई पनि अनुरोध गरेको छु। प्रदेशमा पनि प्रयास गर्छु।' तपाईले विपक्षी भएकाले यहाँ विकासको काम नगरेको भन्ने आरोप छ नी भनि प्रश्न गर्दा उनले मेरो कोही विपक्षी छैन। वडाका सवै जनता हाम्रै हुन। त्यस्तो केही होइन। भन्ने जवाफ दिए। यस सम्बन्धमा मेयर श्यामकुमार श्रेष्ठसँग प्रतिकृयालिन फोन गरेपनि उनको फोन उठेन। मुखिया नेकपा (एमाले)बाट वडा अध्यक्ष दुवै कार्यकाल वडा अध्यक्ष निर्वाचित भएका हुन्।

# सुक्खा क्षेत्र घोषणापछि मधेशमा अध्ययन टोली परिचालन गर्दै कृषि मन्त्रालय



जनकपुरधाम, ३ साउन। मधेश प्रदेशका ८ जिल्लामा सुक्खाका कारण धान रोपाइँ हुन नसकेपछि कृषि तथा पशुपन्छी विकास मन्त्रालयले ती जिल्लामा अध्ययन टोली पठाउने भएको छ। हालको अवस्थामा समस्या समाधानका लागि गर्न सकिने तत्कालीन र दीर्घकालीन उपाय र विकल्प अध्यन गर्न कृषि प्राविधिक टोली पठाउने निर्णय भएको हो। टोली आइतबार उक्त क्षेत्र पुग्ने छ। शुक्रबार कृषिमन्त्री रामनाथ अधिकारीले मन्त्रालय र मातहतका कर्मचारीसँग छलफल गरी तुरुन्तै ती क्षेत्रमा टोली पठाउन निर्देशन दिएका हुन्।

मन्त्री अधिकारीको निर्देशन अनुसार प्रत्येक जिल्लामा केन्द्रबाट २/२ जनाको दरले टोली पठाउने निर्णय भएको हो। टोलीले मधेश प्रदेशमा रहेका मन्त्रालय अन्तर्गतका कार्यक्रम र आयोजनाका कर्मचारीसँग पनि समन्वय गर्ने छ। मधेश प्रदेश सरकारले लामो समय पानी नपर्दा खानेपानीको समेत अभाव भएको र धान रोप्ने अवस्था समेत नभएको भन्दै केही दिनअघि सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको थियो। मन्त्री अधिकारीले अबका केही दिनभित्र वर्षा नभएको अवस्थामा तीनै तहको सरकारले विकल्प खोज्नुपर्ने मन्त्रालय मातहत सबै निकायलाई त्यसतर्फ लगाउनुपर्ने बताए।

हाल रहेका सिँचाइ संरचना पूर्णरूपमा सञ्चालन गरी सिँचाइका लागि अन्य विकल्प के-के हुन सक्छन् भनेर सम्बन्धित निकायसँग छलफल गरी तत्कालीन र दीर्घकालीन निर्णय गरिने मन्त्री अधिकारीले जानकारी दिए। मधेशका ८ जिल्लामा हालसम्म करिब ४६ प्रतिशत रोपाइँ सकिएको मधेश प्रदेश कृषि मन्त्रालयले जनाएको छ।

# सिरहामा ७ क्विन्टल भन्दा बढी गाँजा बरामद, घरधनी फरार

सिरहा, ३ साउन। जिल्ला प्रहरी कार्यालय सिरहाले ७ क्विन्टल भन्दाबढी प्रतिबन्धित लागूऔषध गाँजा बरामद गरेको छ। प्रहरीले सिरहाको सुखीपुर नगरपालिका ४ पोखरियाबाट ठूलो परिमाणमा लुकाइछिपाई राखिएको ७ सय १७ किलो लागूऔषध गाँजा बरामद गरेको हो। गोप्य सूचनाका आधारमा प्रहरी चौकी सिलौर्वापछवारी र सशस्त्र प्रहरी बेस क्याम्प खुसीपुरबाट खटिएको संयुक्त टोलीले पोखरियाकै स्थानीय मेदी यादवको घरमा खानतलासी गर्दा लुकाई छिपाइ राखिएको २७ वटा प्लास्टिकको पोकाबाट ७ सय १७.६ किलोग्राम गाँजा बरामद गरेको प्रहरीले जनाएको छ।

बरामद गरिएको सबै गाँजालाई आवश्यक कानुनी प्रक्रिया पुरा गरी जिल्ला प्रहरी कार्यालय सिरहा ल्याइएको छ। गाँजा बरामद भए पनि घटनाका मुख्य अभियुक्त घरधनी मेदी यादव फरार रहेका छन्। फरार रहेका यादवको खोजी कार्य भइरहेको जिल्ला प्रहरी प्रवक्ता पासवानले जनाएको छ।



भारतको बिहारमा मदिरा बन्द गर्नुको कारण भारतीय बजारमा गाँजाको माग बढेकोले नेपालबाट प्रतिबन्धित लागूऔषध गाँजा सरोकारवाला निकायकै सेटिङ्गमा व्यापक तस्करी भइरहेको स्थानीय बताउँछन्।

सिरहाको धनगढी, लहान, गोलबजार, मिर्चैया र बन्दिपुर लगायतको लोक मार्गको उत्तरी क्षेत्रमा गाँजा सङ्कलन गरी जिरोमाईल बडियरपट्टी हुँदै भारतीय बजारसम्म जाने गरेको स्थानीयको भनाइ छ। सरोकारवाला कै मिलेमतोमा यस क्षेत्रबाट गाँजा तस्करी हुने गरेको स्थानीयको आरोप छ।

# नवराजपुर गाउँपालिकाको बेरुजु १७ करोड नाध्यो

सिरहा, ३ साउन। सिरहाको नवराजपुर गाउँपालिकाको बेरुजु रू. १७ करोड नाघेको छ। महालेखा परीक्षकको कार्यालयले हालै सार्वजनिक गरेको गत आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदनमा रू. १ करोड ४७ लाख १४ हजार बेरुजु थपिएसँगै कुल १७ करोड ७१ लाख ४९ हजार बेरुजु पुगेको हो। सुशानको कुरा गर्ने नवराजपुर गाउँपालिका अध्यक्ष शिव उदगार यादवको पालिकामा बेरुजुको चाङ्ग थपिए संगै आर्थिक अनुशासन कमी रहेको स्थानीय बासिन्दाहरूमा चर्चा हुन थालेका छन्।

यस्तै गाउँपालिकाले एकीकृत वित्तीय विवरण अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त रु. ८ करोड ९१ लाख ३३ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. १ लाख ९७ हजार र प्रशासकीय भवन निर्माणको रु. १२ लाख समेत गरी रु. ९ करोड ५ लाख ३० हजार रूपैयाँको लेखापरीक्षण गराएको छैन।




**पाँच करोड संघीय संचित कोषमा फिर्ता**

गाउँपालिकाको लागि संघीय सरकारबाट ससर्त अनुदान रू. १३ करोड २३ लाख ८० हजार, समपूरक अनुदान रू. ५ लाख र विशेष अनुदान रू. ८० लाख समेत रू. १४ करोड ८ लाख ८० हजार प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रू. ५ करोड २७ लाख ११ हजार बचत रहेको छ। उक्त बचत रकम मिति २०८१ असोज २३ मा संघीय संचित कोषमा फिर्ता गरेको छ। संघबाट प्राप्त भएको अनुदान रकम खर्च हुन नसक्दा स्वीकृत कार्यक्रम कार्यान्वयनमा असर परेको छैन।

गाउँपालिकाको रु. ७९ करोड १७ लाख ६९ हजारको लेखापरीक्षण गरिएकोमा रू. १ करोड ४७ लाख ३७हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रियाबाट रु. २३ हजारको बेरुजु फस्यौट भई बाँकी बेरुजु प्रमाण कागजात पेस गर्नपर्ने रू ३७ लाख ६३ हजार समेत यस वर्ष १ करोड ४७ लाख १४ हजार बेरुजु कायम रहेको छ। पालिकाको गत वर्षसम्म रू १६ करोड २५ लाख ३५ हजार बेरुजु बाँकी रहेकोमा यो वर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं कायम भएको बेरुजु समेत हालसम्मको अधावधिक बेरुजु रू १७ करोड ७१ लाख ४९ हजार रहेको छ।

आर्थिक वर्ष २०८०/०८१ मा आर्थिक प्रशासन नेतृत्व गरेका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत राजकिशोर साहले गरेका थिए।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रबन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक**
**कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)